# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग

अ.प्रा. निर्देशन नं. ११/०७६ मिति: २०७६/०७/२५

भुक्तानी सम्बन्धी कार्य गर्ने सम्बन्धित संस्थाहरु

विषय: **Electronic Cheque Clearing सम्बन्धमा** ।

महाशय,

यस बैंकबाट भुक्तानी सम्बन्धी कार्य गर्ने संस्था/संयन्त्रलाई भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिम अ. प्रा. निर्देशन नं ११ जारी गरिएको छ ।

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि नेपाल क्लियरिङ्ग हाउसले पेश गरेका Nepal Electronic Cheque Clearing (ECC) Rule Book, Nepal Electronic Cheque Clearing (ECC) Operating Rule / Cheque Standard & Specification लागू गर्ने र नेपाल क्लियरिङ्ग हाउस लिमिटेडको नियमन, निरीक्षण, कारोबारका सम्बन्धमा देहायको नियमन जारी गरिएको छ ।

(१) ECC को कारोबार सकिए पश्चात सेटलमेन्टका लागि ECC Rule Book मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल क्लियरिङ्ग हाउस लिमिटेडले इलेक्ट्रोनिक माध्यमबाट बैंक तथा वित्तीय संस्थाहरूको खर्च वा जम्मा गर्ने रकमको अन्तिम सारांश (Net Clearing Position) यस बैंकको बैंकिङ्ग कार्यालयमा पठाउने सम्बन्धमा निम्न सत्रहरूलाई मात्र सञ्चालन गर्ने :

| क्लियरिङ्ग सत्र | Net Clearing Position प्राप्त गर्ने समय | सेटलमेन्ट हुने समय |
|---|---|---|
| नियमित क्लियरिङ्ग सत्र (Regular Clearing Session) | दिउँसो ३:०० बजे | दिउँसो ३:१० बजे |
| पहिलो एक्सप्रेस क्लियरिङ्ग सत्र ♣ (First Express Clearing Session) | बिहान ११:३० बजे | बिहान ११:४० बजे |
| दोश्रो एक्सप्रेस क्लियरिङ्ग सत्र ♣ (Second Express Clearing Session) | दिउसो १२:३० बजे | दिउसो १२:४० बजे |

♣ ग्राहकको अनुरोधमा मात्र क्लियरिङ्ग हुने ।

(२) ECC कारोबारको खर्च वा जम्मा रकमको अन्तिम सारांश (Net Clearing Position) यस बैंकमा आएपछि सम्बन्धित सदस्यहरूको खातामा खर्च वा जम्मा (Debit or Credit) गर्ने सिलसिलामा कथंकदाचित खातामा रकम अपुग भएमा सोको व्यवस्था गर्न यस बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरूका लागि हिसाब मिलान दिन (Business Settlement Day) का लागि प्रचलित बैंकदर अनुरुप ब्याज लिई रकम पूर्ति गर्ने व्यवस्था कायम गर्ने र सो को भोलिपल्ट अनिवार्य रुपमा हिसाब मिलान गर्नुपर्ने । कथंकदाचित हिसाब मिलान हुन नसकेको खण्डमा दोस्रो दिन बैंकदरको दोब्बर, तेस्रो दिनदेखि तेब्बर बैंक दरका दरले हर्जाना लगाइने छ ।

(३) यस बैंकको बैंकिङ्ग कार्यालयमा रहने भुक्तानी तथा हिसाब मिलान केन्द्र (Payment & Settlement Centre) ले आवश्यकता अनुसार Payment & Settlement सम्बन्धी कार्यको अनुगमन गर्नेछ ।

(४) बैंक तथा वित्तीय संस्थाहरुले ग्राहकलाई चेक जारी गर्दा MICR चेक मात्र जारी गर्नु पर्नेछ ।

(५) उल्लिखित Nepal ECC Rule Book, Nepal ECC Operating Manual, and Cheque Standard & Specification मा यस बैंकबाट आवश्यकता अनुसार संशोधन हुन सक्नेछ ।

(६) नेपाल राष्ट्र बैंकको वार्षिक क्यालेण्डर अनुसारका राष्ट्रिय विदा, उपत्यकाभित्र र बाहिर हुने विदाका दिनहरु बाहेकका अन्य दिनमा मात्र यस बैंकबाट अन्तिम हिसाब मिलान हुनेछ ।

(७) हाल कार्यान्वयनमा रहेका Nepal ECC Rule Book, Nepal ECC Operating Manual / Cheque Standard & Specification यसै निर्देशनसँग सम्बन्धित छन् ।

(८) इलेक्ट्रोनिक चेक क्लियरिङ्ग सम्बन्धी व्यवस्था अन्तर्गत जारी Cheque Standard and Specification मा जुनसुकै कुरा लेखिएको भएता पनि बैंक तथा वित्तीय संस्थाहरुले MICR चेक छपाई गरी प्रयोगमा ल्याउँदा MICR Code Line मा Cheque Serial Number / Bank Code बाहेकका अरु Field हरु अनिवार्य हुने छैन ।

भवदीय,

(वम वहादुर मिश्र)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग
३. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विकास बैंक सुपरिवेक्षण विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक अनुसन्धान विभाग ।
८. श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय ।
९. श्री नेपाल बैंकर्स संघ, कमलादी, काठमाण्डौ ।
१०. श्री नेपाल डेभलपमेन्ट बैंकर्स संघ, अनामनगर काठमाण्डौ ।
११. श्री नेपाल वित्तीय संस्था संघ, काठमाण्डौ ।
१२. श्री भुक्तानी प्रणाली सञ्चालक तथा भुक्तानी सेवा प्रदायक संस्था/संयन्त्रहरु ।